नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय मकवानपुर

प्रदेश नं ३, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०७५

वैशाख २०७५ देखि आषाढ २०७५

स्वतः प्रकाशन

(Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सोही अनुसार देहायका सुचना सूचीकृत गरी प्रकाशन गरिएको छ ।

जिल्ला वनले आफ्नो नियमित विवरण प्रकाशित गर्ने सिलसिलामा आथिर्क बर्ष २०७४।७५ वैशाख, जेष्ठ, आषाढ महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरिएको छ ।

१. जिल्ला वनको स्वरुप र प्रकृति

जिल्ला वन , वन तथा वातावरण मन्त्रालय अन्तर्गतको पाँच वटा विभाग मध्ये वन विभाग अन्तर्गत ७७ जिल्ला मध्ये प्रदेश नं ३ अन्तर्गत जिल्ला वन कार्यालय हो । नेपालको वन प्रसाशनको ६ दशकको अवधिमा नेपाल सरकारले लिइएका नीति, कार्यक्रम र जनताको आवश्यकता र वाताबरणीय अवस्थालाई सम्वोधन गर्न समयानुकूल वनको सांगठनिक संरचना र वन ब्यवस्थापन शैलिमा परिवर्तन हुँदै आएको छ ।

तराईको वन संरक्षण र उपयोगमा ल्याउन वि.स. १९९९ मा काठमहल अड्डाको स्थापना गरि वन प्रशासनको कार्य थालनि भएको थियो । त्यसअन्तर्गत तीन सर्कल र १२ वटा वन जाँच अड्डाहरु स्थापना गरिएका थिए । वि.स. २००७ सालको परिवर्तनपछि वन संगठनमा पनि परिवर्तन भई वि.स.२००८ सालमा दुई सर्कल, ११ डिभिजन र ४४ रेन्ज कार्यालय सहित वन विभागको स्थापना भएको थियो ।

वि.सं. २०३३ सालमा राष्ट्रिय वन योजना लागु भएपछि वन संगठनमा परिवर्तन गरी नौ वटा सर्कल, ४० वटा वन डिभिजन र एक सय ७४ वटा रेन्ज कार्यालय स्थापना गरिएको पाईन्छ । वन्यजन्तु संरक्षण र भू-संरक्षण जस्ता कार्य वन विभागले गदै आएकोमा, कर्मचारीको दरवन्दि मिलान गरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग वि.स.२०३७ र भूसंरक्षण विभागको स्थापना वि.स. २०३१ सालमा भएको पाईन्छ ।

वि.सं. २०४० सालमा विकेन्द्रीकरणको भावना अनुरुप ५ वटा क्षेत्रीय निर्देशनालय र आ.व. २०४३/०४४ मा देशका ७५ वटै जिल्लामा जिल्ला वन कार्यालयहरू स्थापना गरिएको हो । वि.सं. २०५० सालमा वन विभागको संगठनमा सामान्य हेरफेर भै मुस्ताङ्ग बाहेक ७४ जिल्लाहरूमा जिल्ला वन कार्यालय, ९२ इलाका वन कार्यालय एव ६९८ रेञ्जपोष्टहरू रहने गरी वन विभागको संगठन परिमार्जन भयो । सो अनुरुप जिल्ला वन कार्यालय मकवानपुरमा पनि ३ सेक्टर वन कार्यालय र १५ वटा ईलाका वन कार्यालय सहित नागरिकमा वन संरक्षण, सदुपयोग तथा व्यवस्थापनको कार्य गरिरहेको छ ।

१.१ जिल्ला वनको दूरदृष्टि, उद्देश्य तथा दीर्घकालिन रणनीतिक योजनाहरुः

यस कार्यालयको दूरदृष्टि, उद्देश्य, मुख्य कार्य, तथा दीर्घकालीन रणनीतिक योजनाहरु यस प्रकार रहेका छन् ।

१.१.१ दूरदृष्टि

यस कार्यालयको मुख्य परिलक्ष्य तथा दूरदृष्टि सबै प्रकारका वन स्रोतको दिगो व्यवस्थापनबाट पारिस्थितिकीय सेवालाई सन्तुलित र व्यवस्थित गर्दै वन स्रोतको उत्पादकत्वमा वृद्धि ल्याई लाभको न्यायोचित वितरण मार्फत वन पैदावारको आवश्यकताको परिपूर्ति र वनजन्य उद्यमको प्रवर्द्धन गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने हो । स्थानिय स्तरमा वनमा आधारित उद्यमको स्थापना गरी चुरे संरक्षणमा जोड लिई वनको उचित व्यवस्थापन गर्नु हो ।

१.१.२ उद्देश्यहरू

उपरोक्त परिलक्ष्य पूरा गर्नको लागि निम्न उद्देश्यहरू लिइएको छ :

(क) वन स्रोतको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्ने ।

(ख) जैविक विविधताको संरक्षण, पारिस्थितिकीय प्रणाली र वातावरणीय सेवा बीच सन्तलुन कायम राख्ने ।

(ग) वनको उचित व्यवस्थापनमा जनसहभागिताको विकास गरी प्राकृतिक तथा वातावरणिय संरक्षणमा स्थानियको क्षमता अभिवृद्धि गरी जनचेतना फैलाउने ।

(घ) वन पैदावारको दिगो र भरपर्दो आपूर्ति व्यवस्थापन गर्ने ।

(ङ) राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने ।

(च) वन क्षेत्रको सुशासन कायम गर्ने ।

१.१.३ वन विभागको दीर्घकालीन रणनीतिक योजनाहरु

- सबै प्रकारमा वनमा दिगो वन व्यवस्थापन
- क्षमतामा अभिवृद्वि र सुशासनमा सुधार
- परिणाममुखी वन प्रसाशन
- प्रभावकारी अनुगमन
- प्रविधि र लगानीको स्तर वृद्वि

१.२ **मकवानपुरको वन**

चित्र नं. १ नेपालको वन यस प्रकार छ ।

चित्र नं. २ प्रदेश नं ३ अन्तर्गत मकवानपुर जिल्लाको नक्शा



स्थानिय तहको नाम	जम्मा क्षेत्रफल बर्ग कि.मि.	जम्मा वन क्षेत्र बर्ग कि.मि.	वन क्षेत्रको प्रतिशत
बागमती गा.पा.	३१२.९	२००.०	६३.९
बकैया गा.पा.	३९५.१	२८५.९	७२.४
हेटौडा उप महानगरपालिका	२६२.४	१२६.७	४८.३
मनहरी गा.पा.	६७.४	५६.४	८३.७
राक्सिराङ्ग गा.पा.	२२७.३	१५०.७	६६.३
कैलास गा.पा.	२०५.१	१५५.४	७५.८
थाहा न.पा.	१९१.७	१२३.७	६४.५
भीमफेदी गा.पा.	२४६.१	१९४.७	७९.१
मठी गढी गा.पा.	१४९.२	८०.२	५३.८
इन्द्रसरावर गा.पा.	९७.७	६४.४	६५.९
जम्मा	**२१५४.९**	**१४३८.१**	**६६.७**

२. जिल्ला वनको काम, कर्तव्य र अधिकार

यस कार्यालयका मुख्य कार्यहरू यस प्रकार छन् :

(क) जिल्लामा रहेको सबै प्रकारका वनको संरक्षण, संवर्द्धन र सदुपयोगमा प्राविधिक सहयोग दिनुका साथै वन विभगाबाट संचालित विभिन्न कार्यक्रमहरु संचालन गर्ने।

(ख) नागरिकलाई दैनिक उपभोगका लागि चाहिने वस्तु एंवम् सेवाको आपूर्ति व्यवस्थापनका साथै वनको वैज्ञानिक व्यवस्थापनमा पहल गर्ने ।

(ग) वनस्रोतको दिगो ढंगबाट व्यवस्थापन र विकास गर्न वार्षिक कार्यक्रम तथा बजेटको पुर्व योजना तर्जुमा गरी वन विभागमा निति तथा कार्यक्रमको माग गरी कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि गर्दै कार्य गरिरहेको ।

(घ) जडीबुटी खेंति बिस्तार, प्रशोधन र बजारीकरणमा निजी क्षेत्रको लगानी प्रबर्धन गर्नुका साथै व्यावसायिक कबुलियती वन र निजी वन विकास गर्न निजी वन धनिहरुलाई प्रोत्साहन गर्नुका साथै सामुदायिक वनको कार्य क्षेत्र बढाउन थप प्रेरित गर्ने ।

(ङ) वनमा आधारित उद्यमको विकास गर्न वन पैदावारको न्योचित वितरण तथा स्थानिय विपन्न वर्गको आयमुलक कार्यमा विकास गरी गरिबी न्युनिकरणको कार्यक्रम संचालन गर्ने ।

(च) वन स्रोतको दिगो व्यवस्थापन र जीविकोपार्जनमा सुधार गर्न वन विभाग र वन तथा वातावरण मन्त्रालयबाट प्राप्त निति तथा निर्देशन बमोजिम काम कारवाही गर्ने ।

(छ) वन व्यवस्थापन प्रणालीहरूमा अवलम्बन गरी, वन पैदावारहरूको सततः उत्पादन र प्रशोधन गरी हरित रोजगारीमा अभिवृद्धि गरी स्थानीय र विदेशी बजारमा बिक्री वितरण गरी राष्ट्रिय आयमा अभिवृद्धि गर्न स्थानिय स्तरबाट सेवा प्रवाहमा पारदर्शिता तथा विकास गर्ने ।

(ज) जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलनका उपायहरूको अवलम्बन गर्न स्थानिय अनुकुलन योजना निर्माण तथा कार्यान्वनमासहयोग गर्ने

। (झ) वन क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम तथा मार्गदर्शनहरूमा उल्लेख भए बमोजिम ई.व.का. तथा से.व.का. मार्फत वन क्षेत्रको सुशासन कायम गर्न सेवा प्रवाह गर्ने ।

३. जिल्लामा रहेका कर्मचारी संख्या र कार्य विवरण

वन विभाग अन्तर्गत मुस्ताङ्ग जिल्लामा जिल्ला भू-संरक्षण कार्यालय र अन्य ७४ जिल्लामा रहेको जिल्ला वन कार्यालयले फिल्ड स्तरिय कार्यक्रमको तर्जुमा, संचालन, र ब्यवस्थापनको जिम्मेवारी रहेका छ । यि अन्तर्गत जिल्ला वन कार्यालयहरुले नियमित रुपमा आफ्नो गतिविधिको जानकारी क्षेत्रिय वन निर्देशनालय र वन विभागमा गर्ने गरेको छ । जिल्ला वन कार्यालयमा जिल्ला वन अधिकृतले नेतृत्व लिने ब्यवस्था अनुरुप रा.प.द्धितिय (प्रा.) पदको कर्मचारीले कार्यालय प्रमुखको जिम्मेवारी सम्हालिरहनुभैको छ ।

जिल्ला वन कार्यालयले फिल्ड स्तरिय कार्यक्रमको तर्जुमा, संचालन, र ब्यवस्थापनको जिम्मेवारी रहेको छ । मकवानपुर जिल्ला वन कायार्लयहरुमा फिल्ड स्तरिय कार्यक्रमको तर्जुमा, संचालन, र ब्यवस्थापनको जिम्मेवारी रहेको छ । कार्यालयले नियमित रुपमा आफ्नो गतिविधिको जानकारी क्षेत्रिय वन निर्देशनालय र वन विभागमा पठाउने गरेको छ । यस कार्यालयमा जम्मा दरबन्दी संख्या १७७ रहेको छ ।

कार्यालयको संरचना (संगठन तालिका)



क्र.सं.	पद	श्रेणी	सेवा/समूह	दरवन्दी	रिक्त	मौजुदा कार्यरत	कैफियत
१	जिल्ला वन अधिकृत	राप.द्वि.(प्रा.)	वन/ज.फ.	१	०	१	
२	सहायक वन अधिकृत	राप.तृ.(प्रा.)	वन/ज.फ.	१९	०	१९	
३	शाखा अधिकृत	राप.तृ.	प्रशासन	१	०	१	
४	लेखा अधिकृत	राप.तृ.	प्रशासन/लेखा	१	०	१	
५	रेन्जर	राप.अनं. प्र. (प्रा.)	वन/ज.फ.	६	४	२	
६	ना.सु.	राप.अनं. प्रथम	प्रशासन	५	१	४	
७	लेखापाल	राप.अनं. प्रथम	प्रशासन/लेखा	१	१	०	
८	टाइपिष्ट	राप.अनं. द्वितीय		१	०	१	
९	खरिदार	राप.अनं. द्वितीय	प्रशासन	१	१	०	
१०	फरेष्टर/व.का.स.	राप.अनं. द्वितीय	वन/ज.फ.	१९	२	१७	
११	वन रक्षक	श्रेणी विहिन	वन/ज.फ.	६०	१५	४५	
१२	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	९	५	४	रिक्त मध्ये २ कारार
१३	हलुका सवारी चालक	श्रेणी विहिन	प्रशासन	४	३	१	रिक्त मध्ये १ कारार
१४	सुवेदार	राप.अनं. प्रथम	विविध	३	२० जना	२२	रिक्त मध्ये १६ जना स.व.र.को सेवा करारमा लिइएको
१५	जमदार	राप.अनं. द्वितीय	विविध	१			
१६	हवल्दार	राप.अनं. तृतीय	विविध	३			
१७	स.व.र	श्रेणी विहिन	विविध	३५			
१८	रनर	श्रेणी विहिन	विविध	७	७	०	शुरु देखि नै रिक्त
		कूल जम्मा		१७७	५९	११८	रिक्त मध्ये करारमा १९ जना

४. जिल्लाबाट प्रदान गरिने सेवाहरु

जिल्ला वन कार्यालय, सेक्टर वन कार्यालय र ईलाका वन कार्यालय मार्फत आफ्नो सेवा प्रदान गर्दै मकवानपुर जिल्लको वन क्षेत्रको संरक्षण विकास तथा व्यवस्थापनको कार्य गरिरहेको छ । कार्यालयबाट प्रदान गरिने सेवाहरु निम्न प्रकारका छन् ।

- वन पैदावारको संरक्षण सम्वर्धन तथा विकास र सदुपयोग सम्वन्धी कार्य
- वन संरक्षण /व्यवस्थापन/सदुपयोग तथा वृक्षारोपण सम्वन्धी कार्यक्रमको निर्माण गरी वन विभागमा पेश गर्ने
- वन पैदावारको विक्री वितरण कार्य गर्नका लागि वन पैदावार विक्री वितरण तथा संकलन निर्देशिका अनुरुप कार्य गर्ने
- वन विकास अन्तरगत प्राप्त कार्यक्रमहरु संचालन गर्ने ।
- वन संरक्षण तथा विकास वारे जन चेतना अभिवृद्धि गर्न प्रचार प्रसार गर्ने
- निजी वन विकासको लागि सुचना प्रवाह गरि प्राविधिक सहयोग उपलव्ध गराउने ।
- कृषि वन वाली विकास तथा विस्तार गर्न प्रचार प्रसार गरि सर्वसाधारण जनतामा उत्प्रेरणा जगाउने
- कवुलीयती वन सम्वन्धी कार्य, गरिवीको रेखामुनीका लागि कवुलियती वन हस्तान्तरण तथा आयमुलक कार्यको विकास गर्ने ।
- वन पैदावारको हानी नोक्सानी हुन नदिन अतिक्रमण हटाई वन क्षेत्रको विकास गर्ने
- सामुदायिक वन सम्वन्धी नीति नियम वारे जानकारी गराउने तथा उपभोक्ता, संघ संस्थासंग समन्वय गरी सा.व.उ.स.को सक्रियता बढाउने ।

४.१ यस कार्यालयबाट संन्चालन भएका कार्यक्रमहरु

सि.नं	कार्यक्रमको नाम
१	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
२	सामुदायिक तथा कवुलियति वन विकास कार्यक्रम
३	जडीबुटी विकास कार्यक्रम
४	वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रम
५	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम
६	वन्यजन्तु संरक्षणको लागि क्षेत्रिय प्रवर्द्धन आयोजना

चित्र नं. ५ कार्यालयको नागरिक वडापत्र

सि. नं.	सेवाको किसिम	सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात प्रमाण	सेवा प्राप्त गर्न लाग्ने		सेवा दिने कर्मचारी/फांट	सेवा प्रवाहमा ढिला सुस्ती भएमा उजुरी सुन्ने अधिकारी
			शुल्क	समय		
१.	निजि वन दर्ता	लालपुर्जा,नागरिकता,तिरो तिरेको रसिद,जग्गाको नापी नक्सा र रु १० को टिकट टांसेको निवेदन		१ महिना	वन प्राविधिक/ विकाश फांट	जिल्ला वन अधिकृत
२.	सामुदायिक वन समुह गठन/ दर्ता तथा वन हस्तान्तरण	निवेदन,फिल्ड जांचबुझ,समूह गठन,टोल भेलाको निर्णय प्रतिलिपी,समुह दर्ता तथा कार्ययोजना तयारी,साधारण भेलाको निर्णय तथा इ.व.का.को सिफारिस		३ महिना	वन प्राविधिक/ विकाश फांट	जिल्ला वन अधिकृत
३.	कवुलियती वन समुह गठन/ दर्ता तथा वन हस्तान्तरण	कवुलियती वनको माग निवेदन,स्थनिय समुदायको सहमती,वन ऐन नियमावली अनुसार प्रक्रिया पुरागर्नु पर्ने		३ महिना	वन प्राविधिक कवुलियती फांट, पशु प्राविधिक, जि.प.सेवा कार्यालय	जिल्ला वन अधिकृत
४.	सामुदायिक वन कार्ययोजना तयारी/नविकरण तथा स्वीकृत	समुहको सबै सदस्यको उपस्थीती भेलाले कार्ययोजना पास गरेको हुनुपर्ने		१ महिना	विकाश फांट	जिल्ला वन अधिकृत
५.	कवुलियती वन कार्ययोजना तयारी/नविकरण तथा स्वीकृत	समुहको सबै सदस्यको उपस्थीती भेलाले कार्ययोजना पास गरेको हुनुपर्ने		१ महिना	वन प्राविधिक कवुलियती फांट, पशु प्राविधिक, जि.प.सेवा कार्यालय	जिल्ला वन अधिकृत
६.	जडिवुटी संकलन ईजाजत	रु.१० को टिकट टांसी निवेदन नागरिकताको प्रतिलिपी कर दर्ताको प्रमाण, फर्म दर्ताको प्रमाणपत्र	प्रचलित राजश्व धरौटी	निवेदन प्राप्त भएको दोस्रो दिन	लेखा फांट	जिल्ला वन अधिकृत
७.	जडिवुटी स्थानान्तरण छोडपुर्जी	ई.व.का.को नापतौल मुचुल्का रु.१० को टिकट सहित	प्रचलित राजश्व धरौटी	निवेदन प्राप्त भएको दोस्रो दिन	लेखा फांट	जिल्ला वन अधिकृत
८.	राजश्व तथा धरौटी बुझिलिने	निवेदन धरौटी राजश्व बुझाएको आदेशपत्र ।		तत्काल	लेखा फांट	जिल्ला वन अधिकृत
९.	धरौटी फिर्ता दिने	निवेदन धरौटी फिर्ता दिनुपर्ने आदेश र पुष्ट्याई सहितको प्रमाण	प्रचलित राजश्व धरौटी	तत्काल	लेखा फांट	जिल्ला वन अधिकृत
१०.	विनियोजित बजेट भुक्तानी	कार्य आदेश,खरिद आदेश तथा विल भर्पाई सहितको माग निवेदन	प्रचलित ऐन नियम बमोजिम	निवेदन प्राप्त भएको दिन	लेखा फांट	जिल्ला वन अधिकृत
११.	नम्बरी आबादीको काठ कटान आदेश तथा छोडपुर्जी प्रदान	ज.ध.को प्रमाणपुर्जा,ना.प्र.को प्रतिलिप,जग्गाको नक्सा र निवेदन रु.१० को टिकट सहित	मु.अ. कर तथा अन्य कर	लगत विमार्काभएको दोस्रो दिन	प्रशासन फांट	जिल्ला वन अधिकृत
१२.	सःमिलमा काठ चिरान आदेश	छोडपुर्जीको दरपिठ भएको सक्कल पत्र, प्राविधिकको सिफारिस र निवेदन		दोस्रो दिन	वन संरक्षण तथा सदुपयोग फांट	जिल्ला वन अधिकृत
१३.	उजुरी समाधान	निवेदन		तत्काल	प्रशासन फांट	जिल्ला वन अधिकृत
१४.	सःमिलको टांचा नविकरण	निवेदन,नविकरण दस्तुर तिरेको रसिद, कर दर्ता प्रमाण	५००।-	तत्काल	वन संरक्षण तथा सदुपयोग फांट	जिल्ला वन अधिकृत
१५.	राष्ट्रिय वनको काठ दाउरा लिलाम/छोडपुर्जी	नविकरण भएको आयकर दर्ता प्रमाण, फर्म दर्ता प्रमाण, टेण्डर फारम	सकार रकम, मु.अ.कर रकम, घाटगड्डी रकम	लिलाम प्रक्रिया भई विमार्काको लगत भएको दोस्रो दिन	प्रशासन फांट	जिल्ला वन अधिकृत
१६.	पुरानो घर गोठको काठ स्थानान्तरण	एकै व्यक्तीको नामको दुवै ठाउंको लालपुर्जा,मालपोत तिरेको रसिद, ना.प्र.,गा.वि.स./न.पा.को सिफारिस नक्सा पास सम्वन्धित सा.व.को सिफारिस र जग्गाको व्लु प्रीन्ट नक्सा		सम्पुर्ण प्रक्रिया पुरा भई विमार्का भएको दोस्रो दिन	प्रशासन फांट	जिल्ला वन अधिकृत
१७.	दैवि प्रकोप काठ उपलब्ध	जिल्ला दैविप्रकोप उद्दार समिती जिल्ला प्रशासन कार्यालयको सिफारिस, नागरिकता, निवेदन	समितिको कार्ययोजना बमोजिम	समितिको बैठकको निर्णय भएको दोस्रो दिन	जिल्ला वन पैदावार आपुर्ती समिति	जिल्ला वन अधिकृत
१८.	घर काज काठ उपलब्ध	निवेदन,ना.प्र.प्रतिलिपी, तिरो तिरेको रसिद,लालपुर्जा,नक्सा पास(शहरी क्षेत्रको हकमा),प्राविधिक लगत अनुमान	समितिको कार्ययोजना बमोजिम	समितिको निर्णय पश्चात	जिल्ला वन पैदावार आपुर्ती समिति	जिल्ला वन अधिकृत
१९.	विकाश निर्माणको काठ दाउरा	निवेदन, नक्सा सिफारिस	समितिको कार्ययोजना बमोजिम	समितिको निर्णय पश्चात	जिल्ला वन पैदावार आपुर्ती समिति	जिल्ला वन अधिकृत
२०.	घर काज तथा धार्मिक कार्यको लागि दाउरा	निवेदन	आपुर्ती समिति को रेट अनुसार	दोस्रो दिन	जिल्ला वन पैदावार आपुर्ती समिति	जिल्ला वन अधिकृत
२१.	नर्सरी निर्माण, विरुवा उत्पादनमा प्राविधिक सल्लाह	समुहको माग निवेदन सम्झौता पत्र तथा समुह/समितीको निर्णय		तत्काल	वन प्राविधिक/ विकाश फांट	जिल्ला वन अधिकृत
२२.	बिरुवा वितरण	निवेदन, लालपुर्जाको प्रतिलिपी		हरेक आ.व.को पहिलो साताबाट शुरु		जिल्ला वन अधिकृत
२३.	वृक्षारोपण, प्राविधिक सल्लाह	माग बमोजिम		तत्काल	विकाश फांट	जिल्ला वन अधिकृत
२४.	वन डढेलो सचेतना, प्राविधिक सल्लाह	माग बमोजिम			विकाश फांट	जिल्ला वन अधिकृत
२५.	समुह सञ्चाल गरिने तालिम गोष्ठिमा सहजिकरण	समुहको अनुरोध पत्र/माग		समय तालिका अनुसार	विकाश/योजना फांट	जिल्ला वन अधिकृत
२६.	वन विकाश सम्वन्धी काममा सा.ब.समुहलाई प्राविधिक सल्लाह तथा सहजिकरण	समुहको माग, प्राविधिक सहयोग र सहजिकरण		७ दिन	वन प्राविधिक/ विकाश फांट	जिल्ला वन अधिकृत

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

सि.नं	कार्यक्षेत्र	नाम थर	पद	कैफियत
१	जिल्ला वन कार्यालय	प्रल्हाद प्रसाद धिताल	जिल्ला वन अधिकृत	
२	योजना शाखा	विशाल भट्टराई	स.व.अ.	
	योजना शाखा	राधिका शर्मा	स.व.अ.	
	योजना शाखा	टक नारायण श्रेष्ठ	स.व.अ.	
३	लेखा शाखा	नेत्र नरसिंह कार्की	ले.अ.	
४	प्रशासन शाखा	रमेश कुमार खनाल	शा.अ.	
	प्रशासन शाखा	चेतनाथ ढुंगाना	ना.सु.	
	प्रशासन शाखा	मैना कुमारी पोखरेल	टा.ख.	
	प्रशासन शाखा	नवराज खुलाल	जमदार	
	प्रशासन शाखा	मिना कार्की	का.स.	
	प्रशासन शाखा	गोपाल परियार	का.स.	
	प्रशासन शाखा	नवराज सापकोटा	ह.स.चा.	
	प्रशासन शाखा	बद्रि कुमार लुईटेल	ह.स.चा	

५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवामा दस्तुर लाग्दैन । नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम लाग्ने राजश्व शुल्क भने विभिन्न शिर्षकमा दाखिला गरी सेवा लिन सकिन्छ जसका लागि राजश्व शिर्षक तथा कामको प्रकृति बमोजिम हुनेछ ।

६. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

निवेदन जिल्ला वन अधिकृत समक्ष दिनुपर्ने, उजुरी उपर तत्काल कारवाही तथा फलोअप गरिनेछ ।

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयले गरेका निर्णय उपर चित्त नबुझेमा वन विभाग र वन तथा वातावरण मन्त्रालयमा जानकारी तथा गुनासो राख्न सकिनेछ । कार्यालयबाट सम्पादित कार्यहरुको बारेमा जानकारी लिनका लागि कार्यालयमा गुनासो सुन्ने कर्मचारीका लागि एक जना सुचना अधिकारी तोकिएको छ ।

८. सम्पादन गरेको कामको विवरण

- वन व्यवस्थापन गरि वनको हैसियतमा सुधार, उत्पादन, उत्पादकत्वमा बृद्धि
- काठ दाउरा उत्पादन
- वन क्षेत्र विस्तार तथा पुर्नस्थापना
- पंचवर्षिय वन व्यवस्थापन योजना तयारी
- सा.व., क.व. वनको नक्शाङकन
- कवुलियती वन समूहको विधान कार्ययोजना तथा जिविकोपार्जन सुधार योजना तयारी तथा पुनरावलोकन
- क्षमता अभिवृद्धि तालीम
- वन डढेलो नियन्त्रण तथा सुख्खा समयमा वन डढेलो नियन्त्रणमा विशेष प्राथमिकता
- वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन
- सामुदायिक वनको कायर्याजेना तयारी हस्तान्तरण तथा पुनरावलोकन
- मुद्धा फर्छयौट, बेरुजु फरछयौट
- वहुउद्देशीय प्रजातीका विरुवा उत्पादन तथा वहुवर्षिय विरुवा उत्पादन
- सवै प्रकारका वनको वनश्रोत सर्भेक्षण तथा अन्य विवरण डिजिटल तयारी

९ उपलब्धीहरु

वन क्षेत्रका केही महत्वपूर्ण (उपलब्धीहरु) तथ्यांकहरु तल दिइएका छन् :

सि.नं	विवरण	संख्या तथा क्षेत्रफल	कैफियत
१	सामुदायिक वन	४०१ वटा	
२	हस्तान्तरित सा.व.उ.स.को विवरण	६८०३१.३९ हे.	
३	कवुलियती वन	४३१ वटा	
४	कवुलियती वन हस्तान्तरण भएको क्षेत्रफल	२०४१.३६ हे.	
५	कवुलियती वनमा रहेका घरधुरीहरु	१८,२००	
६	निजी वनको संख्या	२२६ वटा	
७	निजी वनको क्षेत्रफल	१६३.२२ हे.	

१०. सुचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुखः प्रल्हाद प्रसाद धिताल (उप सचिव प्रा.) पदः जिल्ला वन अधिकृत

सुचना अधिकारीः विशाल भट्टराई पदः स.व.अ. (रा.प.तृ. प्रा.)

१०. ऐन, नियम, नियमावली वा निर्देशिकाको सूची

(Policy, Act, Rules, Regulations and Guidelines related to the DoF)

१. वन ऐन, २०४९

२. वातावरण संरक्षण ऐन, २०५३

३. निजी वन राष्ट्रियकरण ऐन, २०१३

४. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यपार नियन्त्रण ऐन, २०७३

५. वन नियमावली, २०५१

६. चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०

७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०

८. वन्यजन्तु आरक्ष नियमावली २०३४

९. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३

१०. वतावरण संरक्षण नियमावली, २०५४

११. कंचनजंगा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४

१२. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७

१३. बाँके रास्ट्रिय निकुञ्ज नियमावली, २०६४

१४. राष्ट्रिय संरक्षण रणनीति, २०४५ (National Conservation Strategy 1988)

१५. वन नीति,२०७१

१६. संशोधित वन क्षेत्र निति, २०५७

१७. कबुलियति वन नीति, २०६०

१८. राष्ट्रिय सिमसार नीति, २०५९

१९. राष्ट्रिय सिमसार नीति, २०६१

२०. तराई भू परिधि–बृहद् रणनिति, २०६२

२१. राष्ट्रिय जैविक विविधता रणनीति, २००२

२२.अनुगमन तथा मूल्यांकन अवधारणा तथा रणनीति, २०६०

२३.वन अतिक्रमण नियन्त्रण तथा ब्यवस्थापन रणनीति,२०६८

२४.आगलागि नियन्त्रण रणनीति

२५.वन क्षेत्रको गुरु योजना, २०४६

२६ राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१

कार्यविधि निर्देशिका

- वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन मार्गदर्शन, २०६०
- ब्यवसायीक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने निर्देशिका २०६८
- सामुदायिक वनको निर्देशिका २०५२
- सामुदायिक वन मार्गदर्शन, २०७१
- सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३
- साझेदारी वन व्यवस्थापन मार्गदर्शन, २०६१
- ब्यवसायीक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८
- वन सर्वेक्षण निर्देशिका २०५७
- वैज्ञानिक वन व्यवस्थापन निर्देशिका २०७१
- गैर सरकारी सेवाप्रदायक निर्देशिका, २०६१
- गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन २०६९
- सामुदायिक वनको काठ र दाउरा सङ्कलन तथा बिक्रि(वितरण निर्देशिका,२०७१
- वन पैदावार सकलन तथा विक्री वितरण निर्देशिका, २०७३
- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संसोधन) निर्देशिका २०७३
- बन्यजन्तुको आखेटोपहार ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७२
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि रास्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधि , २०७४
- भूकम्प पिडितहरुको लागि काठ उत्पादन, आपूर्ति र ब्यस्थापन निर्देशिका,२०७२

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक

सि.नं	ब.उ.शि.नं	कार्यक्रमको नाम	विनियोजित बजेट	हाल सम्मको खर्च
१	३२९०१४३	जिल्ला वन कार्यालय	६,९१,५७,०००	५,६५,४६,७३९.३४
२	३२९१०२३	जडिबुटि विकास कार्यक्रम	२,९८,०००	२,९८,०००
३	३२९१०२४	जडिबुटि विकास कार्यक्रम	१९,३९,०००	१९,२९,८४०
४	३२९१०९३	वृक्ष सुधार वृक्षारोपण तथा निजी वन	१५,००,०००	१३,१६,६३७
५	३२९१०९४	वृक्ष सुधार वृक्षारोपण तथा निजी वन	३,१०,०००	३,१०,०००
६	३२९१२४३	राष्ट्रपति चुरे तराई मधेश सं.वि.स	१२,३५,०००	१०,८७,८११
७	३२९१२४४	राष्ट्रपति चुरे तराई मधेश सं.वि.स	७५,८१,०००	७५,४०,०८०
८	३२९११२७३	वन्यजन्तु संरक्षणका लागि क्षेत्रिय सहयोग प्रवर्द्धन कार्यक्रम	२,९०,०००	१,५९,९७५
९	३२९१२७४	वन्यजन्तु संरक्षणका लागि क्षेत्रिय सहयोग प्रवर्द्धन कार्यक्रम	१,५०,०००	५०,०००
१०	३२९१०६३	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम	२३,१२,०००	१८,००,८८८
११	३२९१०६४	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम	२१,१३,०००	२०,५७,८८०
१२	३२९८०८३	सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम	७७,७३,०००	७१,९०,९७३
१३	३२९८०८४	सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम	३२,८८,०००	२७,९४,११७
१४	६०१०१४३	संचित विदा	२६९०३६८	
१५	६०१०१८३	औषधि उपचार	३२७८७६९	
			९,७९,४६,०००	**८,३०,८२,९४०.३४**

१३ राजश्व विवरण

आर्थिक वर्ष ७४/७५ को आषाढ मसान्त सम्ममा प्राप्त भएको राजश्व विवरण यस प्रकार रहेको छ ।

सि.नं	शिर्षक	राजश्व रकम	कैफियत
१	काठ	२,०१,००,७५५.८९	
२	दाउरा	२,६७,३७२.७५	
३	खोटो	०	
४	जडिबुटी	३१,४७५	
५	अन्य	७५,५८,८७०.०८	
	जम्मा	२७,९५८,४७३.७२	

१४ भुकम्प पिडितहरुको लागि काठ उपलब्ध गराइएको विवरण

जिल्ला वन कायार्लय मकवानपुर अन्तर्गत जिल्ला वन पैदावार आपुर्ति समितिबाट हाल सम्म (२०७५ आषाढ मसान्त सम्म) १६,००३.३ क्यु.फिट काठ वितरण भएको छ जस बाट ३८३ जना लाभान्वीत भएका छन् ।

१५ वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराईएको सम्बनिध विवरण

यस जिल्ला वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत विभिन्न ईलाकाको कार्यक्षेत्रमा पर्ने वन क्षेत्रहरुमा संचालित योजना तथा आयोजनाका लागि हाल सम्म तपसिलका वन क्षेत्रहरु हस्तान्तरित छन् ।

सि.नं	परियोजना/आयेजना/किसिम	भोगाधिकार क्षेत्रफल	कैफियत
१	हेटौडा -बर्दघाट २२० के.भि. प्रशारण लाईन आयोजना अन्तर्गत	९३ हे.	
२	हेटौडा १३२ के.भि. सवस्टेशन लाईन आयोजना अन्तर्गत कमाने लक्ष्मिपुर ३३ के.भि. विद्युत प्रशारण लाइन	१.४ हे.	
३	कुलेखानी तेस्रो जलविद्युत आयोजना	२.६४ हे.	
४	कुलेखानी तेस्रो जलविद्युत आयोजना अडिट नं २	१.५६ हे.	
५	शिवओमम सिमेन्ट उद्योगको विद्युत आपुर्ति का लागि १३२/१३३ के.भि. ३० एम.भि.ए क्षमताको शव स्टेशन निर्माण	१.५ हे.	
६	हेटौडा सिमेन्ट उद्योगले चुनढुंगा खानिको लागि प्राप्त गरेको जग्गा	१४० विगाहा	
७	काठमाण्डौं निजगढ द्रुतमार्ग विकास कार्य (७५.३२ कि.मि.)	१५१ हे.	
८	शिवम् सिमेन्ट प्रा.लि. हटिण ४ चुनढुंगा उत्खनन्का लागि	२८८ हे.	
९	लक्ष्मी लाईम प्रोडक्शन हेटौडा औद्योगिक क्षेत्र	२८८ हे.	
१०	सेन्चुरी सिमेन्ट प्रा.लि . चुनढुंगा उत्खनन्का लागि	५०० हे.	
११	शिवम् सिमेन्ट प्रा.लि.	१०.२६ हे.	
१२	माण्डु हाईड्रो पावर लि.	४.९४ हे.	
१३	गणेश मान सिं मार्ग (चित्लाङ्ग) सडक	०.०९६ हे.	
१४	धरान-चतरा-गाईघाट-सिन्धुली-हेटौडा सडक योजना	११६.७५	

१५	ताराचन्द्र केडियालाई चुनढुां उत्खननका लागि	४.९९ हे.	
१६	एन.सेल. टावर निर्माण	१६०० वर्ग मिटर	
१७	शिवम् सिमेन्ट चुन ढुंगा उत्खनन्	२९.१४ हे.	

१६. हाल सम्म संचालित कार्यक्रमहरुको प्रगति

१.राष्ट्रिय वन विकास कार्यक्रम

- जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजना तयारी
- डढेलो नियन्त्रण सम्ताह सम्पन्न ।
- नयाँ वन अतिक्रमण नियन्त्रण
- वन अपराध अनुसन्धान तथा मुद्धा दायरी
- वाघ सम्बन्धि अपराध अनुसन्धान गरी मुद्धा दायर ।

२. सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रमको प्रगति

- सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता र हस्तान्तरण
- कबुलियती वन समूहको विधान तथा जिविकोपार्जन सुधार योजना तयारी
- कबुलियती वन समूह विधान तथा कार्ययोजना पुनरावलोकन :

३. जडिबुटी विकास कार्यक्रम को प्रगति

- पकेट क्षेत्रमा जडिबुटीको स्थायी नर्सरी स्थापना । मर्मत र संचालन
- जडिबुटी विरुवा उत्पादन
- वन पैदावारमा आधारित उद्यम स्थापना
- जडिबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धि फिल्ड स्तरिय कोचिंग
- सूचना प्रवाह तथा पारदर्शिता सवलीकरण

४. वृक्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रमको प्रगति

- विभिन्न काष्ठ प्रजातिका विरुवा उत्पादन तथ वितरण
- निजी वन धनिहरुलाई प्रोत्साहन तथा निजी वन विकासमा प्राथमिकता
- क्षमता अभिवृद्धि तथा विकास

५. वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्धन आयोजनाको प्रगति

- मानव वन्यजन्तु द्धन्द व्यवस्थापन सहयोग तथा सहजीकरण
- मानव वन्यजन्तु द्धन्द व्यवस्थापन तथा वन्यजन्तु उद्धार
- वन्यजन्तु संरक्षणका लागि जनचेतनामुलक कार्यक्रम संचालन